**प्राज्ञिक विमर्श**, **वर्ष** ७, अङ्क, १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# न्यायको लडाइँमा नेपाल पत्रकार महासंघ

**❋ कलेन्द्र सेजुवाल**
**ksejuwal@gmail.com**

***अध्ययनसार***

नेपालमा २०५२ फागुन १ गतेदेखि करिब एक दशकसम्म चलेको सशस्त्र द्वन्द्वमा १३,२४६ व्यक्तिको हत्या भयो । जसमध्ये दैलेखका पत्रकार डेकेन्द्रराज थापा विद्रोही पक्षबाट मारिएका एक प्रतिनिधिमूलक पात्र हुन् । उनीजस्तै कैयौं मानिसको मृत्युका प्रसङ्गमा यस अध्ययनमा नेपाल पत्रकार महासंघले पत्रकार थापाको न्यायको लडाइँ प्रक्रियामा खेलेको उत्कृष्ट भूमिकाको विवेचना गरिएको छ। वि.सं. २०१२ सालमा स्थापित नेपाली पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघ यस प्रकरणबाट आफ्ना सदस्यहरूको सुरक्षाप्रति गम्भीर रहेको स्पष्ट हुन्छ। अपहरण र हत्या गरी शव बेपत्ता पारिएका पत्रकारको खोजी गरी शव उत्खनन गरिएको घटना दक्षिण एसियामै पहिलो हो । यस हिसाबले थापाको हत्यापछि महासंघको नेतृत्वमा भएको न्यायको लडाइँले उल्लेखनीय मानक स्थापित गरेको अध्ययनबाट देखिन्छ। महासंघले करिब आठ वर्ष लामो न्यायको लडाइँलाई निष्कर्षमा मात्र पुऱ्याएन, पत्रकार थापाको परिवारलाई पनि अभिभावकत्व प्रदान गऱ्यो । राज्य र तत्कालीन माओवादी विद्रोहीको अवरोधका बाबजुद दोषीलाई कानुनी कठघरामा पुऱ्यायो। मूलतः नेपाल पत्रकार महासंघले डेकेन्द्र थापा प्रकरणबाट आफूलाई अब्बल पेशागत संगठनको रूपमा स्थापित गरेको छ।

**मुख्य शब्दावली** : सशस्त्र द्वन्द्व, पत्रकार, नेपाल पत्रकार महासंघ, माओवादी विद्रोही ।

**विषयपरिचय**

पत्रकारको सुरक्षा र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवाल विश्वमा सधैं चुनौतीको रूपमा रहने गरेको छ । पत्रकारको हत्या, अपहरण, बेपत्ता, कुटपिटका घटना वर्षेनी बढिरहेका छन् । हालसम्मको तथ्याङ्क हेर्दा विश्वभर २,६८० पत्रकार तथा मिडियाकर्मीहरू मारिइसकेका छन् (IFJ Report*, 2022)* द्दे४अन्तर्राष्ट्रिय पत्रकार महासंघ (IFJ) का अनुसार सन् २०२४ मा विश्वभर १२२ पत्रकारको हत्या भएको छ। यी तथ्यांकले विश्वमा प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षा निकै भयावह देखाउँछ। नेपालले पनि २०५२ फागुन १ देखि करिब १० वर्षसम्म सशस्त्र द्वन्द्वको सामना गऱ्यो। त्यतिमात्र होइन, २०६२/६३ को दोस्रो जनआन्दोलन, २०६३ को मधेस तथा थरुहट आन्दोलनलगायत थुप्रै आन्दोलन र द्वन्द्वको चरणहरू पार गऱ्यो । यसले नेपाली प्रेसलाई असुरक्षित र जोखिममा पाऱ्यो । तत्कालीन नेकपा माओवादीको नेतृत्वमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वले प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्था अत्यन्तै नाजुक बन्न पुग्यो । सशस्त्र द्वन्द्वको क्रममा र द्वन्द्वपछि समेत गरेर हालसम्म ३८ जना पत्रकारको हत्या भएको छ भने ४ जना बेपत्ताको सूचीमा छन् ४*(FNJ Report, 2079)* द्दे४हत्या भएकामध्ये एक हुन्- दैलेखका पत्रकार डेकेन्द्रराज थापा। २०६१ असार १२ गते अपहरण गरिएका पत्रकार थापालाई २०६१ साउन २७ मा हत्या गरिएको थियो । नेपाल पत्रकार महासंघको अगुवाइमा पत्रकार थापाको परिवार, राष्ट्रिय मानव अधिकार आयोग र अधिकारवादी संस्थाको प्रयासमा २०६५ असार ११ गते उनको शव उत्खनन भएको थियो । फ्रिडम फोरमका अनुसार सशस्त्र द्वन्द्वमा हत्या गरिएकामध्ये थापासहित ७ जना पत्रकारको घटनामात्र अदालतमा पुगेको छ *(फ्रिडम फोरम, २०७३)*।

न्यायको लडाइँमा नेपाल पत्रकार महासंघको भूमिका महत्त्वपूर्ण रहेको छ। देशभरका करिब १३ हजार पत्रकारहरूको साझा संस्थाको रूपमा रहेको महासंघ प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको पैरवी गर्ने महत्त्वपूर्ण संस्था हो। सशस्त्र द्वन्द्वकालमा भएका पत्रकार हत्याका घटनामध्ये थापा हत्या प्रकरण न्यायको लडाइँको हिसाबले चर्चित र न्याय प्राप्तिमा सफल घटना मानिन्छ। न्यायको लडाइँको भित्री कथा अध्ययन र अनुसन्धानको लागि नवीनतम

**❋ लेखक स्वतन्त्र पत्रकारिताकाको क्षेत्रमा अनुसन्धानरत छन् ।**

खोजको विषय बनेको छ । उक्त प्रकरणमा नेपाल पत्रकार महासंघले खेलेको भूमिकाको अध्ययन थप रोचक छ । यस अध्ययनले पत्रकार थापाको हत्या प्रकरणमा नेपाल पत्रकार महासंघको अगुवाइमा भएको न्यायको लडाइँबारे तथ्यगत खोज गरेको छ । घटनाको समग्र पृष्ठभूमि र अवस्था, हत्यापछि अपराध छोप्न भएको राजनीतिक तिकडम र न्यायको लडाइँको शृङ्खलालाई पत्रकार महासंघले कसरी निस्तेज गऱ्यो भन्नेबारे व्यवस्थित शोध गरिएको छ । थापाको अपहरण, हत्या, शव उत्खनन र कानुनी लडाइँमा लुकेका पाटोहरू उजागर भएका छन् ।

अध्ययन कार्यलाई पूरा गर्नका लागि गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । अनुसन्धानमा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा नेपाल पत्रकार महासंघका दस्तावेजलाई लिइएको छ । यसका साथै पत्रकार थापाको परिवारका सदस्य, महासंघका जिल्लादेखि केन्द्रसम्मका पदाधिकारीसँग छलफल सहितको घटना अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कको लागि घटनासँग प्रत्यक्ष प्रभावित परिवारका सदस्यहरू, नेपाल पत्रकार महासंघका तत्कालीन र वर्तमान पदाधिकारीहरू, पत्रकारिता तथा मानवअधिकार क्षेत्रका व्यक्तिहरू, नागरिक समाजका प्रतिनिधिहरू, न्यायको लडाइँमा सहभागी अगुवा व्यक्तिहरूलाई भेटिएको छ । तथ्याङ्कको द्वितीय स्रोतको रूपमा द्वन्द्वसँग सम्बन्धित विभिन्न पुस्तक तथा पत्रिकाहरूमा प्रकाशित समाचार, तत्कालीन अवस्थामा टेलिभिजनमा प्रसारण भएका श्रव्यदृश्य सामग्री, नेपाल पत्रकार महासंघ र सरोकारवाला निकायले सार्वजनिक गरेका प्रेस विज्ञप्तिहरू, महासंघले गरेका निर्णयहरू र अदालतको आदेश तथा फैसलाहरूलाई आवश्यकतानुसार अध्ययन कार्यको लागि सूचना प्रयोग गरिएको छ ।

**पृष्ठभूमि**

२०६१ असार पहिलो साता तत्कालीन माओवादी विद्रोहीले दैलेख बजारमा आउने खानेपानीको पाइप काटेर अवरोध पुऱ्याएका थिए । सदरमुकाममा पानीको हाहाकार मच्चिएपछि स्थानीयबासीले पत्रकारलाई माओवादीसँग मध्यस्थता गरेर पानी आपूर्ति गर्न अनुरोध गरे । त्यसकै लागि असार ९ गते पत्रकारद्वय डेकेन्द्रराज थापा र कमल न्यौपाने 'माओवादीसँग वार्ता र रिपोर्टिङ गर्ने' भन्दै सदरमुकाम नजिकैको साविकको तोली गाविस पुगे । वार्तापछि काटिएको पाइप जोडिने आशासहित घर फर्किने क्रममा असार १२ गते माओवादीले 'तपाइँसँग केही बुझ्नु छ' भन्दै डेकेन्द्रलाई तामेखोलाबाट अपहरण गरे । त्यसपछि उनलाई गाउँगाउँ सार्दै चर्को यातनासहित 'बयान' लिइयो । उनीमाथि राजाको कार्यक्रममा उद्घोषण गरेको, खानेपानी आयोजनाको रकम हिनामिना गरेको, माओवादीविरुद्ध सुराकी गरेकोलगायत आरोप लगाइए । भवानी, रानीवन, बालुवाटारलगायत गाउँ घुमाउँदै २०६१ साउन २७ गते द्वारीको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा खुट्टा बाँधेर, उल्टो झुण्ड्याई निर्मम यातना दिइयो । स्थानीय लक्ष्मीराम घर्तिमगरले प्रहरीलाई दिएको बयानअनुसार यातनाकै कारण सोही दिन उनको मृत्यु भयो ।

हत्याको ३ दिनपछि माओवादीले हस्तलिखित पर्चा छरेर 'सफाया' गरेको सार्वजनिक गऱ्यो । पार्टीका तत्कालीन दैलेख जिल्ला सेक्रेटरी रणजीतले 'डेकेन्द्रराज थापालाई कारबाही किन ?' शीर्षकमा १० बुँदे आरोपपत्र सार्वजनिक गरे, जो निम्नानुसार छन् :

१. फासिष्ट दरबारियाको पेशेवर सिआईडीमध्यकै जिल्लाको प्रमुख एजेन्ट रहेको ।

२. दैलेख सदरमुकामभित्र र बाहिर ५० औ संख्यामा सिआईडीको नेटर्वक तयार पार्ने काम गरेकोले ।

३. जनसत्ताको अनुमतिविना लुकिछिपी पटकपटक आधार क्षेत्रमा प्रवेश गरी सम्पूर्ण गतिविधिको जानकारी दुस्मनले पाएपछि घटेका घटनाक्रमहरू :

(क) २०६०/६/७ कुसाडाको हत्याकाण्डमा सरिक भई क. उमेशको हत्यामा संलग्न ।

(ख) खानेपानीको वार्ताको निमित्त भनि क. गोरे जैसीलगायत चारजना कमरेडहरूको सम्पर्क स्थानको जानकारी शाही जल्लादको क्याम्पमा दिई भवानी हत्याकाण्डमा चार जना कमरेडहरूको हत्या गराएको ।

(ग) मिति २०६१/३/१२ देखि आधार क्षेत्रमा लुकिछिपी प्रवेश गरी सम्पूर्ण विवरण दुस्मनको क्याम्पमा पुऱ्याएको । सम्पूर्ण गतिविधिको जानकारी दुश्मनले पाएपछि टोलीमा पाँच जना निशस्त्र व्यक्तिको हत्या गराएको ।

४. फासिवादको नाईके ज्ञानेको कथित अभिनन्दन कार्यक्रममा प्रमुख भूमिका पूरा गरेको ।

५. ने. क. पा (माओवादी) दैलेख जिल्लाको उच्चस्तरको नेतृत्व तहलाई गिरफ्तार गराउनको निम्ति भाडाको टट्टु कथित कर्नेलबाट एकपटक एक लाख र अर्को पटक २५ हजार भत्ता लिएको। सिआईडी गरेबापत मासिक १०,००० भत्ता खाने गरेको।

६. दैलेख सदरमुकाममा खानेपानी उपभोक्ताबाट कुनै पनि कर असुली नगर्ने सम्झौतालाई तोड्दै आफूखुसी प्रतिघर २०० का दरले कर उठाउँदै लाखौं लाख भ्रष्टाचार गरेको।

७. खानेपानी कार्यालयबाट पटकपटक गरी १,३२,९९५/- माओवादीको नामबाट निकासा गरी हिनामिना गरेको।

८. नक्कली माओवादी बनी सर्वसाधारण, व्यापारी र कर्मचारीलाई आतङ्कित पार्ने काम गरेको।

९. २०५८ भाद्र ३० गतेको विशाल जनसभाको व्यवस्थापनमा खटिएका कमरेडहरूमाथि आक्रमण गरेको र व्यवस्थापन गरिएका (गेट, व्यानर झण्डा, माईक र पानीका ड्रम) सामग्रीहरू तोडफोड गरेको।

१०. लामो समयदेखि सदरमुकाम क्षेत्रमा गुण्डागर्दी, हत्या, हिंसा, कुटपिट भ्रष्टाचार र बलात्कारका घटना घटाउँदै आएको।

**महासंघको सक्रियता, प्रचण्डलाई पत्र र १० संस्थाको आह्वान**

माओवादी विद्रोहीले थापालाई अपहरण गरेको सूचना आउने बित्तिकै नेपाल पत्रकार महासंघले खोजिकार्य र वार्ताको पहल गरेको थियो। यसका लागि केन्द्रीय उपाध्यक्ष विपुल पोखरेलको नेतृत्वमा मिसन टोली खटायो। अपहरण भएकै दिन महासचिव विष्णु निष्ठुरीले प्रेस विज्ञप्तिमार्फत विनासर्त रिहाईको लागि अपिल गरेका थिए। महासंघले खटाएको मिसन टोली सम्पर्कमा नपुग्दै २०६१ साउन २७ गते थापाको हत्या भएको खबर बाहिरियो। यसले महासंघलाई अत्यन्त आक्रोशित बनाएको तत्कालीन दस्तावेजबाट देखिन्छ। महासंघले २०६१ भदौ २ गते सशस्त्र विद्रोहका कमाण्डर पुष्पकमल दाहाल 'प्रचण्ड' लाई डेकेन्द्र थापा हत्यालाई लिएर कडा शब्दमा खुला चिठी पठाएको थियो। महासंघका सभापति तारानाथ दाहालले लेखेको पत्रमा सञ्चारकर्मीहरूको हत्या, अपहरण तथा प्रेस स्वतन्त्रताविरोधी सबै खाले आक्रमणको विरोध गरिएको छ। 'खासगरी रेडियो नेपालका दैलेखस्थित संवाददाता श्रमजीवी पत्रकार डेकेन्द्रराज थापालाई माओवादी कार्यकर्ताहरूले गत असार १२ गते अपहरण गरी साउन २७ गते हत्या गरेको जानकारी दिएपछि हामी अत्यन्त चिन्तित, गम्भीर र मर्माहत भएका छौं। नेपाल पत्रकार महासंघ यसरी पत्रकारहरूको हत्या गर्ने माओवादीको जघन्य दुस्कार्यप्रति तीव्र क्षोभ, भर्त्सना र विरोध गर्दछ।' पत्रमा भनिएको छ। पत्रमा प्रेस स्वतन्त्रता, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र आधारभूत मानवअधिकारको सम्मान गर्दै यस प्रकारका अपराध नगर्न चेतावनी दिइएको छ। महासंघले भूमिगत पार्टीका अध्यक्षलाई लेखेको उक्त पत्रले अन्तर्राष्ट्रिय रूपमै हलचल ल्याएको थियो। झण्डै दशक लामो हिंसात्मक विद्रोह गरेर शान्ति प्रक्रियामा आउनका लागि प्रयास गरिरहेको माओवादीलाई थप आलोचित बनाएको थियो। पत्रमा उल्लेखित अमानवीय, अराजक, हिंस्रकजस्ता शब्दावलीले नेपाल पत्रकार महासंघको आक्रोशको पारो कति उच्च थियो भन्ने देखिन्छ। यही पत्रले माओवादी विद्रोहीलाई डेकेन्द्रराज थापाको हत्याको घटनाबारे आन्तरिक रूपमा समीक्षा गर्न बाध्य तुल्याएको देखिन्छ।

नेपाल पत्रकार महासंघले प्रचण्डलाई पत्र पठाउनुभन्दा एक दिनअघि २०६१ भदौ १ गते महासंघकै पहलमा विभिन्न अधिकारवादी संस्था र प्रेससम्बद्ध १० वटा संस्थाले घटनाको आलोचना गर्दै संयुक्त प्रेस विज्ञप्ति जारी गरेका थिए। महासंघ सभापति तारानाथ दाहाल, नेपाल मानव अधिकार संगठन अध्यक्ष सुदीप पाठक, इन्सेकका अध्यक्ष सुबोध प्याकुरेल, मानव अधिकार तथा शान्ति समाजका सभापति कृष्ण पहाडी, दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) का अध्यक्ष गोपाल थपलिया, मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र ( सेहुर्डेस) अध्यक्ष प्रदीप घिमिरे, सम्पादक-प्रकाशक महासंघका अध्यक्ष देवेन्द्र गौतम, मानव अधिकार सञ्चार प्रतिष्ठान (इह्रिकोन) का अध्यक्ष जसुदा प्रधान, नेपाल प्रेस युनियनका अध्यक्ष समिरजंग शाह र प्रेस चौतारी नेपालका अध्यक्ष शम्भु श्रेष्ठले जारी गरेको विज्ञप्तिमा आफ्नो पेशाप्रति प्रतिबद्ध, सिर्जनशील, व्यावसायिक पत्रकार डेकेन्द्रराज थापाको हत्याले माओवादी उसको वकालत नगरेकै आधारमा स्वतन्त्र प्रेस, मानव अधिकारको रक्षा र जनताको आवाजलाई मुखरित गर्ने कुनै पनि पक्षमाथि असहिष्णु, आक्रामक र भौतिक रूपमै समाप्त गर्ने तहसम्म ओर्लिने औचित्यहीन, अमानवीय र आतङ्कपूर्ण गतिविधिमा लागिरहेको थप स्पष्ट भएको भनिएको छ।

'कुनै पनि निशस्त्र व्यक्तिको हत्यालाई कुनै पनि आधार, तर्क र कथित अभियोगले उचित ठहऱ्याउन सक्तैन । हत्याका सन्दर्भमा माओवादीको केन्द्रीय नेतृत्वले तत्काल सार्वजनिक रूपमा क्षमायाचना गर्दै पीडित परिवारलाई क्षतिपूर्ति र यस किसिमका घटना नदोहोरिने सार्वजनिक प्रतिबद्धता व्यक्त गर्नुपर्दछ,' विज्ञप्तिमा भनिएको छ ।' त्यसैगरी प्रेस स्वतन्त्रता र मानवअधिकारजस्ता आधारभूत स्वतन्त्रताप्रति माओवादीको स्पष्ट दृष्टिकोण तत्काल आउनुपर्ने र सोही दृष्टिकोणका आधारमा प्रेस र मानव अधिकार क्षेत्रले माओवादीप्रतिको दृष्टिकोण र व्यवहार प्रष्ट गर्ने विज्ञप्तिमा भनिएको छ ।

महासंघले थापा हत्या प्रकरणलाई अन्तर्राष्ट्रियकरण गरेको थियो । महासंघको निरन्तरको आवाजको कारण राज्यसत्ता र विद्रोही दुवै पक्षका प्रमुखहरूलाई अन्तर्राष्ट्रियरूपमा प्रेस स्वतन्त्रताका लागि लड्नेहरूले समान दर्जामा राखे । रिपोर्टर्स् विदाउट बोर्डसले दुवै पक्षका प्रमुखहरूलाई 'प्रेस स्वतन्त्रताका सिकारी' को संज्ञा दिएको थियो । नेपाल पत्रकार महासंघद्वारा प्रकाशित पत्रकारिता (२०६१) का अनुसार एसिया प्रशान्त क्षेत्रका १४ देशका २० भन्दा बढी पत्रकार सम्बद्ध संघसंस्थाले नेपाली पत्रकारहरूको सुरक्षा र स्वतन्त्रताको लागि संयुक्त आह्वान गरेका थिए । अन्तर्राष्ट्रिय पत्रकार महासंघका अध्यक्ष क्रिष्टोफर वारेनको अध्यक्षतामा २०६१ भदौ पहिलो साता श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न बैठकले नेपालमा सञ्चार क्षेत्रमाथिको दमनका विषयमा केन्द्रित भएर संयुक्त आह्वान गर्ने निर्णय गरेको थियो । बैठकले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का विद्रोहीहरू र सरकारी सुरक्षाफौजबाट पत्रकारहरू विरुद्ध निरन्तर डर, धम्की, चेतावनी र हिंसा भइरहेको र नेपालमा पत्रकारिताको स्थिति खस्कँदै गएकोमा गम्भीर सरोकारको कुरा प्रकट गरेको थियो । पत्रकारको अधिकारको पक्षमा आवाज उठाउने अरू अन्तर्राष्ट्रिय संघसंस्थाहरूले पटक-पटक आवाज उठाएका थिए । संसारभरका ५ लाखभन्दा बढी पत्रकारहरूको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय पत्रकार महासंघले माओवादी, सरकारी अधिकारी र व्यक्तिहरूलाई समेत सञ्चारलाई नियन्त्रण लिने र दुरूपयोग गर्ने कुनै पनि प्रयास नगर्न भनेको थियो ।

एमनेष्टी इन्टरनेशनलले माओवादी अध्यक्ष प्रचण्डलाई खुलापत्र लेखेर ध्यानाकर्षण गराएको थियो । एमनेष्टीका एसिया प्रशान्त क्षेत्रीय कार्यक्रमका उपनिर्देशक क्याथरिन बेबरले लेखेको पत्रमा माओवादीले डेकेन्द्रराज थापाको हत्या गर्न सक्नेतर्फ सचेत गराइएको थियो । तर एमनेष्टीको चासोलाई माओवादीले वास्ता नगरेको अवस्था देखिन्छ ।

**शव उत्खनन र न्यायको कठिन लडाइँ**

२०६५ जेठ २० गते दिउँसो १२ बजे दैलेख, द्वारीका एक युवा कामको लागि भारत जाने तयारीमा थिए । दैलेख बजारबाट गाउँमा पुगेका पत्रकारद्वय नमन शाही र यामराज शर्मासँग बिहानीपख उनको भेट भयो । पत्रकारद्वय माओवादीबाट हत्या गरिएका सहकर्मी डेकेन्द्रराज थापाको गायब पारिएको शव पत्ता लगाउने मिसनमा गाउँ पसेका थिए । डेकेन्द्रबारे कसैले मुख खोल्न नसकिरहेको बेला ती युवाले आफू कामको लागि भारत जान लागेकाले घटनास्थल देखाउने बताए । अध्ययनकार्यको क्रममा पत्रकार नमन शाहीले उनको भनाइ उद्धृत गर्दै भनेका छन्, 'म आज इन्डिया नजाने भए त मरिगए पनि भन्ने थिइन, ल हिँड्नुस्, म देखाइदिन्छु त्यो ठाउँ ।' ती युवाले पत्रकारलाई संदिग्ध स्थान देखाउँदै भने, 'मेरो नाम कहीँ कतै नभन्नु होला नि, फेरि फर्केर गाउँमै बस्नुपर्छ ।' इन्सेकका जिल्ला प्रतिनिधिसमेत रहेका नमन शाही (पछि उनी नेपाल पत्रकार महासंघका दैलेख जिल्ला अध्यक्षसमेत भए) ले सदरमुकाम फर्किने बित्तिकै प्रारम्भिक रिपोर्ट आफ्नो नेपालगन्जस्थित कार्यालयमा पठाए । पत्रकार महासंघका तत्कालीन जिल्ला अध्यक्ष विष्णु शर्मालाई पनि घटनास्थलबारे जानकारी दिए । त्यसपछि दैलेखका यी पत्रकारले डेकेन्द्रराज थापाको शव उत्खनन गर्ने दृढता व्यक्त गरे । ती युवाको साहसबाटै डेकेन्द्रको पक्षमा न्यायिक लडाइँको प्रस्थान बिन्दु सुरु भएको देखिन्छ । २०६५ जेठ अन्त्यमा महासंघ जिल्ला शाखाले लामो अनुसन्धानपछि शव गाडिएको स्थान 'निश्चित' गर्दै केन्द्रीय कार्यालयमा प्रतिवेदन पठायो । त्यही आधारमा महासंघले राष्ट्रिय मानव अधिकार आयोगसँग उत्खननको लागि पहल थाल्यो । २०६५ असार ११ गते बिहान राष्ट्रिय मानव अधिकार आयोगका फरेन्सिक विज्ञ हरिहर वस्ती नेतृत्वको टोलीले शव पहिचान गऱ्यो । करिब २७ इन्च गहिरो खाडलमा भेटिएको कंकालमा सर्ट, हाफपाइन्ट र अन्डरवियर थिए । बायाँ खुट्टा दुई टुक्रा भएर भाँचिएको र खुट्टा खापेर गाडेको पाइएको थियो । खप्परको संरचना हेर्दा मृत्यु हुँदा थापाको मुख खुल्ला रहेको बुझियो । दायाँ हातको कुइनो पनि फुटेको पाइयो । नेपाल पत्रकार महासंघका मध्यपश्चिम सहसंयोजक जनक नेपालले केन्द्रीय कार्यालयमा बुझाएको रिपोर्टमा डेकेन्द्रको मृत्यु उच्च रक्तचापको कारण नभई चरम यातनाले भएको उल्लेख छ ।

पत्रकार पुष्कर थापाका अनुसार शवस्थल पहिचान भएपछि शवको उत्खनन नहुँदासम्म १३ जना पत्रकारले शवस्थल कुरेका थिए, जसको नाम निम्नानुसार छ :

१. विष्णु शर्मा २. नमन शाही ३. महेन्द्र सापकोटा ४. याम शर्मा ५. चक्र भण्डारी

६. खेमराज थापा ७. नविन रिजाल ८. मन्जुल अधिकारी ९. प्रकाश अधिकारी १०. चन्द्र बिसी

११. गोविन्द भारती १२. कविराज बिसी र १३. डम्बर थापा

शव उत्खननपछि न्यायको कठिन लडाइँ सुरु भयो । शव उत्खनन भएको करिब दुई महिनापछि महासंघले डेकेन्द्रपत्नी लक्ष्मी थापाको नामबाट प्रहरीमा किटानी जाहेरी दिन खोज्यो । महासंघ दैलेख शाखाको टोलीले जाहेरी लिएर त गयो, तर प्रहरीले एक हप्तासम्म दर्ता गर्न मानेन् । महासंघको तत्कालीन केन्द्रीय नेतृत्वको दबाबपछि बल्ल २०६५ असोज ६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भयो । किटानी जाहेरीमा लक्षिराम घर्तिमगर, बमबहादुर खड्का (कट्टी), बमबहादुर खड्का (छिउडी पुसाकोट) र केशव खड्काको नाम उल्लेख छ । जाहेरीपछि प्रहरीले उनीहरूलाई खोज्नु त टाढा, आफ्नै कार्यालय आसपास आउँदासमेत समातेन । पत्रकारहरूले आरोपित पक्राउको लागि थुप्रै चरणमा आन्दोलन गरे । प्रहरी-प्रशासनमा दबाब दिए । जिल्लामा पुग्ने प्रहरीका हरेक उच्च अधिकृतलाई उनीहरूको एउटै माग हुन्थ्यो- डेकेन्द्रका 'हत्यारा' लाई पक्राउ गरी कानुनी कठघरामा ल्याइयोस् । जति दबाब दिँदासमेत प्रहरी मौन बसेपछि एड्भोकेसी फोरमको कानुनी सहायतामा लक्ष्मीले २०७९ मंसिर २७ गते पुनरावेदन अदालत सुर्खेतमा अभियुक्तलाई तत्काल पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाउन माग गर्दै दैलेख प्रहरी र जिल्ला न्यायधिवक्ताविरुद्ध रिट दायर गरिन । न्यायाधीश रत्नबहादुर वागचन्दले भोलिपल्टै परामादेश जारी गरे । परामादेशमा अभियुक्तलाई पक्राउ नगर्नुको कारण १५ दिनभित्र पेश गर्न भनिएको छ । अन्ततः २०६९ पुस १९ गते लक्षिराम घर्ती मगरलाई पक्राउ गऱ्यो । उनीसँगको बयानको आधारमा भोलिपल्ट द्वारीकै हरिलाल पुन, बालुवाटारका बीरबहादुर केसी र निरक घर्तिमगर तथा रानीवनका जयबहादुर शाही पक्राउ परे । दैलेख प्रहरीको लागि यो कदम निकै महँगो सावित भयो । स्थानीय नेता-कार्यकर्ताको दबाब त सामान्य भइहाल्यो, तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको समेत अभियुक्तलाई छोड्न निर्देशन आयो । जागिर खाइदिनेसम्मको धम्की आएपछि जिल्ला न्यायधिवक्ताको कार्यालयमा लिइने बयान दुई दिनसम्म रोकियो । जिल्ला न्यायधिवक्ता डम्बर काफ्लेलाई समेत त्यस्तै धम्की थियो । अन्ततः नागरिक समाज र पत्रकारको विरोध सामु प्रधानमन्त्रीको आदेश फिक्का सावित भयो । प्रहरीले अभियुक्तलाई हत्कडी लगाएर पुनः बयानको लागि जिल्ला न्यायधिवक्तासमक्ष पुऱ्यायो ।

हत्या भएको लामो समयसम्म पनि थापाको शव नपाएपछि महासंघले निरन्तर दबाब दिएको थियो ।

दैलेख जिल्ला शाखाका पदाधिकारी आफैं फिल्डमा पुगेर क्रियाशील थिए भने केन्द्रीय समितिले पनि दबाबमूलक काम गरेको थियो । केन्द्रीय समितिका बैठक, साधारण सभा, महाधिवेशन, भेलामा पनि यस विषयले उच्च महत्त्व पाएको तात्कालीक दस्तावेजहरूबाट देखिन्छ । महासंघले २०६५ पुसदेखि प्रेस स्वतन्त्रताको रक्षा, दण्डहीनताको अन्त्य, पत्रकारको भौतिक तथा पेशागत सुरक्षाका मागहरू राखी चरणबद्ध आन्दोलन गरेको थियो । शान्तिपूर्ण ऱ्याली तथा धर्ना, पेन डाउन, मुखमा कालो मास्क लगाउनुका साथै कालो पट्टी बाँधेर कार्यक्षेत्रमा जाने, 'हामीलाई बाँच्न र लेख्न देउ' नारासहित प्रदर्शन गर्ने लगायत स्वरूपमा आन्दोलन भएका थिए । आफ्नो ५४ औं स्थापना दिवस (२०६५) लाई पनि प्रेस स्वतन्त्रताको रक्षा, दण्डहीनताको अन्त्य, पत्रकारको भौतिक तथा पेसागत सुरक्षालाई प्रमुख सरोकार बनाएर मनाएको थियो । 'प्रेस तथा नागरिक स्वतन्त्रता हननका घटनामा संलग्न दोषीहरूलाई कारबाही गर्नुको सट्टा राज्यले संरक्षण दिँदै आएको छ । जसका कारण प्रेस स्वतन्त्रता हननका घटना वृद्धि हुनुका साथै पत्रकारहरू थप असुरक्षित बनेका छन् । डेकेन्द्रराज थापालगायत हत्या गरिएका अन्य पत्रकारहरूको अहिलेसम्म मुद्दा दायरा गरिएको छैन । गम्भीर प्रकारका यस्ता प्रेस स्वतन्त्रता हननका घटनाप्रति सरकारले तदारुकता नदेखाउनु चिन्ताको विषय हो,' महासंघले भनेको छ *(पत्रकारिता, २०६५)*।

महासंघले २०६५ फागुन १५ देखि चैत १८ गतेसम्म चौथो चरणको आन्दोलन घोषणा गर्ने निर्णय गरेको थियो । ५४ औं स्थापना दिवसको अवसरमा महासंघका शाखा अध्यक्षहरूको सहभागितामा चैत १६ गतेदेखि १८ गतेसम्म तीन दिने प्रेस स्वतन्त्रता राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो । तत्कालीन अध्यक्ष धर्मेन्द्र झाको अध्यक्षतामा महासंघको २०६५ असार १३ र १४ गते काभ्रेको धुलिखेलमा सम्पन्न केन्द्रीय कार्य

समितिको बैठकले दण्डहीनताको अन्त्य गरी डेकेन्द्रराज थापा घटनाको छानबिन गर्न माग गर्ने निर्णय गरेको थियो ।

**नेतृत्व फेरियो, मुद्दा फेरिएन**

सशस्त्र द्वन्द्वको चरम उत्कर्षको बेला नेपाल पत्रकार महासंघले आफ्नो एक सदस्यको ज्यान जोगाउनका लागि हदैसम्मको प्रयास गरेको थियो । अपहरणमा परेको जानकारी पाउने बित्तिकै महासंघले तत्कालै केन्द्रीय उपाध्यक्ष विपुल पोखेलको नेतृत्वमा मिसन टोली पठायो । यसबाट घटनाप्रति महासंघको गम्भीर चासो स्पष्ट हुन्छ । अपहरण लगत्तै महासंघका जिल्ला शाखाका सदस्यहरू गाउँमै पुगेर खोजीकार्य गरेका थिए । थापाको अपहरणदेखि न्यायको लडाइँसम्म महासंघको केन्द्रदेखि जिल्लासम्म ४ वटा नेतृत्व फेरिए, तर न्यायको लडाइँको मुद्दा कहिल्यै ओझेलमा परेन ।

**पत्रकार महासंघ दैलेख शाखाको नेतृत्व**

हरिहरसिंह राठौर (२०६१-२०६२) तदर्थ समिति
विष्णु शर्मा (२०६२-२०६५)
नमन शाही (२०६५-२०६८)
पुष्कर थापा (२०६८-२०७१)

**पत्रकार महासंघ केन्द्रीय समितिको नेतृत्व**

तारानाथ दाहाल (२०५९-२०६२)
विष्णु निष्ठुरी (२०६२-२०६५)
धर्मेन्द्र झा (२०६५-२०६८)
शिव गाउँले (२०६८-२०७१)

महासंघको जिल्ला तथा केन्द्रको संरचनाबीच निरन्तर सम्पर्क, समन्वय हुँदै न्यायको लडाइँ अघि बढेको थियो । २०१२ सालमा स्थापित नेपाल पत्रकार महासंघ प्रेस स्वतन्त्रता, लोकतन्त्र, मानवअधिकार र विधिको शासनको पहरेदार संस्था हो भन्ने कुरालाई यस घटनामा खेलेको भूमिकाले थप स्थापित गर्ने काम गरेको छ । नेतृत्वमा जोसुकै आए पनि मूलमुद्दा सधैं प्राथमिकतामा परिरह्यो । जिल्ला र केन्द्रमा नेतृत्व परिवर्तन हुने बित्तिकै त्यसले न्यायको लडाइँको यात्रालाई प्रभावित गरेन । यतिसम्म कि नेपाल पत्रकार महासंघको केन्द्रीय उपाध्यक्षमा खिलबहादुर भण्डारी, महासचिव ओम शर्मा, केन्द्रीय सदस्य प्रभात चलाउनेजस्ता पत्रकार नेताहरू एनेकपा माओवादी निकट थिए । उनीहरूकै दलका नेता बाबुराम भट्टराई प्रधानमन्त्रीको रूपमा दैलेख घटनाको विरुद्धमा खुलेआम लागेका थिए । भण्डारी, शर्मा र चलाउनेजस्ता पत्रकार नेताहरू भने सरकारकै विरुद्धमा चर्को अभिव्यक्ति दिइरहेका हुन्थे । महासचिव शर्माले त दिनहुँजसो सरकारकै विरुद्ध विज्ञप्ति जारी गर्थे । यसले पत्रकार महासंघको संस्थागत तथा संरचनागत चरित्रलाई थप सशक्त बनाएको स्पष्ट हुन्छ ।

**महासंघको अभिभावकत्व**

नेपाल पत्रकार महासंघले पत्रकार थापाको मृत्युपछि उनका सन्तान र परिवारलाई अभिभावकत्व प्रदान गर्‍यो । यसले महासंघको जिम्मेवारी अझ बढी थप भएको महशुस हुन्छ । महासंघले २०६४ वैशाख २४ गते एक प्रेस विज्ञप्ति जारी गर्दै महासंघ र शैक्षिक क्षेत्रको प्रतिष्ठित संस्था जेभियर इन्टरनेसलन स्कुल/कलेजबीच थापाका दुई छोरीहरू नुतन थापा (कक्षा ६) र नीशा थापा (कक्षा ३) को अध्ययन व्यवस्थाका लागि सहकार्य-सहमति गरिएको जनाएको छ । महासंघकै पहलमा श्रीमती लक्ष्मीलाई सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले जागिर दिएको थियो । यसबाट के भन्न सकिन्छ भने महासंघ एक यस्तो सशक्त नागरिक संस्था हो, जसले आफ्ना सदस्य वा सदस्यका परिवारजन समस्यामा पर्दा सधैं अग्रणी रूपमा अभिभावकीय भूमिका निर्वाह पनि गर्दछ ।

**आन्दोलनका तीन अध्याय**

महासंघले डेकेन्द्रराज थापा प्रकरणमा तीन चरणमा आन्दोलन गर्‍यो । पहिलो चरणमा हत्या लगत्तै महासंघले आन्दोलन गर्‍यो । त्यसपछि लामो समयसम्म शवको खोजीको लागि दबाबमूलक आन्दोलन गर्‍यो । तेस्रो चरणमा शव पहिचान भइसकेपछि दोषीलाई कानुनी कठघरामा ल्याउन दबाबमूलक आन्दोलन भए । दैलेखका पत्रकारहरूले जिल्लामा आउने सुरक्षा निकायका उच्च अधिकारीलाई बहिष्कारसम्म गरेका थिए । अन्ततः जाहेरी दिएर दोषीहरू पक्राउ परेपछि आन्दोलनले विश्राम लियो । यस हिसाबले हेर्दा स्वर्गीय पत्रकार थापाको न्यायको लागि नेपाल पत्रकार महासंघ करिब ८ वर्षसम्म निरन्तर आन्दोलनमा रह्यो । नेपालमा सशस्त्र द्वन्द्वकाल र त्यसपछि समेत गरेर ३८ जना पत्रकारको हत्या भयो । ४ जना बेपत्ता पारिए । पत्रकार महासंघले यीमध्ये सबैभन्दा चर्चित र कडा आन्दोलन थापाको न्यायको लडाइँमा गर्‍यो । बेपत्ता शवको खोजी, उत्खनन तथा पहिचान, दोषीलाई कानुनी

कठघरा ल्याउन निरन्तर आन्दोलन, आन्दोलनको क्रममा पत्रकारहरू नै जिल्लाबाट विस्थापित हुनुपर्ने अवस्था, आन्दोलन दबाउन र दोषीलाई जोगाउन देशको प्रधानमन्त्री नै लागिपरेको अवस्था, यी सबै घटनाक्रमले थापा हत्या प्रकरण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चा र चासोको विषय बन्यो । तत्कालीन महान्यायधिवक्ता मुक्ति प्रधानले उक्त घटनामा पक्राउ परेका व्यक्तिको बयान नलिन र अनुसन्धानकार्य रोक्न निर्देशन दिएपछि अधिवक्ता गोविन्दप्रसाद बन्दीले सर्वोच्च अदालतमा उत्पेषणको आदेश माग्दै रिट दायर

गरेका थिए। उक्त रिटमा २०७० चैत १९ गते न्यायधीसद्वय रामकुमारप्रसाद साह र ज्ञानेन्द्रबहादुर कार्कीको इजलासले डेकेन्द्रराज थापालाई कानूनविपरीत हत्या गरिएको उक्त ज्यान मुद्दाका अभियुक्तहरू पक्राउ परी पक्राउ परेको अवस्थामा प्रक्रिया अघि नबढाउन आदेश भएको थियो *(नेपाल कानुन पत्रिका, २०७०)*।

अन्ततः यसमा संलग्नमध्ये हालसम्म ९ जनाले जेल सजाय भोगेका छन् । पछिल्लोपटक २०७८ मंसिर २९ गते थापाको हत्यामा संलग्न ३ जना अरूण भनिने बमबहादुर खड्का, मुक्ति भनिने रामबहादुर खड्का र केशव खड्कालाई जिल्ला अदालत दैलेखले जन्मकैदको सजाय सुनाएको छ । अर्का आरोपी भक्तिराम लामिछानेलाई भने मतियार मान्दै तीन वर्ष कैद सजाय भएको छ। यो मुद्दामा २०७१ सालमै सजाय सुनाइएका पाँच जनाले भने यसअघि एक वर्षदेखि दुई वर्षसम्म कैद सजाय भोगिसकेका छन् । उक्त मुद्दामा निरकबहादुर घर्ती, हरिलाल पुन र जयबहादुर शाहीले दुई-दुई वर्ष, लक्षिराम घर्तीमगरले डेढ वर्ष र वीरबहादुर केसीले एक वर्ष कैद सजाय भुक्तान गरिसकेको अदालतको विवरणमा उल्लेख छ। त्यतिबेला पक्राउ नपरेका चार जना आरोपीको हकमा पक्राउ परेको बेला मुद्दा जगाउन सकिने गरी मुल्तबीमा राख्ने फैसला अदालतले गरेको थियो ।

**डेकेन्द्रराज थापा प्रकरण 'डेटलाइन'**

- २०६१ असार १२ गते अपहरण
- २०६१ साउन २७ गते हत्या
- २०६५ असार ११ गते शव उत्खनन
- २०६५ असोज ६ गते दैलेख प्रहरीमा किटानी जाहेरी
- २०६९ मंसिर २७ गते सुर्खेत पुनरावेदन अदालतमा रिट दायर
- २०६९ पुस २० गते आरोपित मध्येका लक्षिराम घर्तिमगर पक्राउ

**निष्कर्ष**

अपहरण र हत्या गरी शव बेपत्ता पारिएका पत्रकारको खोजी गरी शव उत्खनन गर्न सफल हुनु नेपाल पत्रकार महासंघको लागि मात्र होइन, कानुनी शासन व्यवस्थाको लागिसमेत नजीरको विषय हो । दोषीमाथि कानुनी कारबाही गर्ने जिम्मेवारी बोकेको देशको प्रधानमन्त्रीको हस्तक्षेपका बाबजुद महासंघले निकै जोखिमपूर्ण सङ्घर्ष गर्दै दोषीलाई कानुनी कठघरामा पुऱ्याउन सफलता पाएको हो । यस प्रकरणबाट हत्या भएका र बेपत्ता पारिएका अन्य पत्रकारको सन्दर्भमा पनि काम गर्ने आधार निर्माण भएको छ। नेपाल पत्रकार महासंघले आफ्ना सदस्यको सुरक्षा र प्रेस स्वतन्त्रताको सन्दर्भमा कहिल्यै कसैसित सम्झौता गर्दैन र झुक्दैन भन्ने नजिर स्थापित पनि भएको छ। युद्धमा असंलग्न पत्रकार र सर्वसाधारणको हत्यामा संलग्न पक्ष राज्य होस् वा तत्कालीन विद्रोही माओवादी, कसैलाई पनि उम्किन दिनु हुँदैन । सशस्त्र द्वन्द्व सकिएको डेढ दशक बित्दासम्म पनि द्वन्द्वकालका घटनाको निष्पक्ष छानबिन भई दोषिमाथि कारबाही हुन सकेको छैन । संक्रमणकालीन न्याय अझै लम्बिइरहेको छ। थापाको हत्या अभियोगीहरू कानुनी कठघरामा आए पनि अन्य थुप्रै पत्रकार र द्वन्द्वकालका गैरन्यायिक हत्याका दोषीहरू उन्मुक्त हिँडिरहेका छन् । यस्ता युद्ध- अपराधको छानविन गरी दोषीमाथि कारबाही र पीडित पक्षलाई क्षतिपूर्ति तथा आश्रित परिवारको लालनपालन र शिक्षाको राज्यले व्यवस्था गर्नुपर्छ । नेपालमा हालसम्म हत्या भएका तथा बेपत्ता पारिएका पत्रकारहरूको संख्या केलाउने हो भने सशस्त्र द्वन्द्वकालमा मात्र होइन द्वन्द्वत्तोर

समयमा पनि उल्लेख्य घटना भएको देखिन्छ। यसले गर्दा पत्रकार कुनै पनि समयमा, कुनै पनि व्यक्ति वा समूहबाट असुरक्षित हुन्छन् भन्ने देखिन्छ । पत्रकार असुरक्षित हुने प्रमुख कारण उनीहरूले गर्ने कामबाट हो । पत्रकारले समाजमा भएका बेथिति, विसङ्गति, अत्याचार, अन्यायविरुद्ध कलम चलाउँछन् । शक्तिशाली र पहुँच भएका व्यक्तिहरूको आँखामा सधैं पत्रकारहरू तारो हुने गर्दछन् । दशवर्षे सशस्त्र द्वन्द्वकालमा पनि पत्रकारहरूले राज्य र माओवादी विद्रोहीविरुद्ध कमल चलाएकै कारण मृत्युवरण गर्नुपरेको हो। त्यसैले राज्यका साथै नेपाल पत्रकार

महासंघलगायत सरोकारवाला संघसंस्थाहरूले पत्रकारको सुरक्षा रणनीति बनाउनु पर्दछ । घटना भइसकेपछि पछुताउनुभन्दा पत्रकारलाई उक्त घटनाको सिकार हुनै नदिनेतर्फ प्रभावकारी गर्नुपर्दछ। यसको लागि निम्नानुसारको काम गर्न सकिन्छ :

(क) पत्रकारहरूलाई पत्रकारिताको मूल्य-मान्यतामा आधारित रहेर जिम्मेवार, व्यावसायिक पत्रकारिता गर्न अभिप्रेरित गर्ने ।

(ख) पत्रकारको सुरक्षालाई केन्द्रमा राखेर राज्यलाई विशेष ख्याल गर्न दबाब दिने ।

(ग) राज्यले पनि पत्रकारको सुरक्षालाई उच्च महत्त्व दिएर कार्ययोजना बनाउने ।

(घ) नेपाल पत्रकार महासंघले सञ्चारगृहसँग समन्वय गरेर पत्रकार सुरक्षाको लागि रणनीति बनाएर काम गर्ने ।

(ङ) पत्रकारमाथि हुने सम्भावित चुनौतीको लेखाजोखा गरेर त्यससलाई न्यूनीकरण गर्नतर्फ लाग्ने ।

(च) कुनै पत्रकारमाथि सुरक्षा चुनौती भइहालेमा महासंघले तत्काल त्यसलाई एक्सन लिने ।

**सन्दर्भ–सामग्री**


अभियुक्त जोगाउन राज्यशक्ति (२०६९, पुस २८), *कान्तिपुर*।

उप्रेती, विष्णुराज (२०७१ वि. सं.), *नेपालमा सशस्त्र द्वन्द्व र यसको प्रभाव,* काठमाडौं : नेपाल सेन्टर फर कन्टेम्पररी रिसर्च सेन्टर ।

गुरुङ, हस्त (२००४ सन्), *शान्तिका लागि पत्रकारिता,* काठमाडौं : हिमाल बुक्स ।

डेकेन्द्रराज थापा प्रकरण र नेपाल पत्रकार महासंघ (२०७१, साउन २७), *नयाँ पत्रिका ।*

*नेपालको द्वन्द्व प्रतिवेदन* (२०६९ वि.स.), काठमाडौंः युनाइटेड नेसन हुमन राइट्स ।

*नेपाल कानुन पत्रिका* (२०७०, अङ्क १२, नि. नं. ९०९१), काठमाडौं ।

नेपाल पत्रकार महासंघ (२०१० सन्), *प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन : बाँच्न र लेख्न देउ* ।

नेपाल पत्रकार महासंघ (२०६५, असार १४, चैत १४), *प्रेस विज्ञप्ति* ।

नेपाल पत्रकार महासंघ (२०६५, चैत १८) । *प्रेस स्वतन्त्रता घोषणापत्र* ।

नेपाल पत्रकार महासंघ (२०६९), *शव उत्खनन् स्थलगत प्रतिवेदन ।*

नेपाल पत्रकार महासंघ (२०७९, पुस १६), *प्रेस विज्ञप्ति* ।

*पत्रकारिता* (२०६१, साउन-भदौ), काठमाडौं : नेपाल पत्रकार महासंघ ।

*पत्रकारिता* (२०६२, वैशाख), काठमाडौं : नेपाल पत्रकार महासंघ ।

*प्रेस स्वतन्त्रताको हननूको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा  मापदण्ड* (२०७१), काठमाडौं : युनेस्को ।

फ्रिडम फोरम (२०७३ वि. सं.), *प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन* ।

*बन्दुकको मारमा कलम*  (२०६४ वि.स.), काठमाडौंः नेपाल पत्रकार महासंघ ।

*मानवअधिकारपत्र* (२०६९ माघ, वर्ष ५, अङ्क १०), काठमाडौं : राष्ट्रिय मानव अधिकार आयोग ।

विश्व प्रेस स्वतन्त्रताको चुनौती (२०७९, वैशाख २०), *कारोबार दैनिक*।

*सशस्त्र द्वन्द्वमा समाचार संकलन : नेपाली पत्रकारको अनुभव* (२०६३), काठमाडौं  : मिडिया सर्भिसेज इन्टरनेशनल ।

हत्यादेखि हत्कडीसम्म (२०६९, पुस २४), *नागरिक दैनिक* ।

हिंसाको हिसाब-किताब (२०६९, माघ १-१५), *हिमाल खबरपत्रिका* ।